# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं.०८३।०८४/आ.व्य.ख.शा.
च.नं. ४०४

मिति: २०८३/०४/२५

**विषय: स्वच्छ चुलो कार्यक्रम (CCS) अन्तर्गत वितरित विद्युतीय चुलो (ECS) सम्बन्धी गुनासो टिपाउने बारे।**

भरतपुर महानगरपालिका क्षेत्रभित्र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) को स्वच्छ चुलो कार्यक्रम (CCS) अन्तर्गत वितरण गरिएका ४३८ थान विद्युतीय चुलो (ECS) प्राप्त गर्नुभएका सम्पूर्ण उपभोक्ता महानुभावहरूका लागि यो सूचना जारी गरिएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको प.सं. ०८३/०८४, च.नं. ८२, मिति २०८३/०४/१९ को प्राप्त पत्रानुसार, आपूर्ति गरिएका उक्त चुलोहरूको १ (एक) वर्षको वारेन्टी अवधि समाप्त भई आपूर्तिकर्ताको धरौटी रकम फुकुवा गर्ने प्रक्रिया अगाडि बढेको छ।

तसर्थ, आफूले प्राप्त गरेको विद्युतीय चुलोमा कुनै पनि प्रकारको प्राविधिक समस्या, वारेन्टी दाबी वा गुनासो भएमा देहाय अनुसार सम्पर्क गरी आफ्नो विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ।

- **गुनासो टिपाउने अन्तिम म्याद:** २०८३/०४/२७ गते कार्यालय समयभित्र
- **सम्पर्क स्थान:** भरतपुर महानगरपालिकाको कार्यालय
- **पेस गर्नुपर्ने विवरण:** उपभोक्ताको नाम, ठेगाना, सम्पर्क नम्बर र चुलोमा देखिएको प्राविधिक समस्याको विवरण

२०८३।४।२५
..............................
(शेषकान्त पौडेल)
उप-सचिव
उप-सचिव


056-511467, 535062, 516951, 512252, 515771
E-mail: bmc@ntc.net.np / info@bharatpurmun.gov.np /Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)